निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

मिति:२०७८/०४/१०

प.सं. च.नं./Ref: ?/078/79

विषय :- त्रैमासिक (२०७८ बैशाख जेठ र अषाढ महिनासम्म) प्रगति विवरण सम्बन्धमा ।

२०७८ त्रैमासिक (बैशाख जेठ र अषाढ महिनासम्म) निर्वाचन आयोगबाट सम्पादित देहायका कार्यहरुको विवरण सबैको जानकारीको लागि सार्वजानिक गरिएको छ ।

१. राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७८ (बागमती र लुम्बिनी प्रदेश) को लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक कार्यहरू गरिएको ।

२. आर्थिक वर्ष २०७८/७९ को लागि आयोगको नीति तथा कार्यक्रम, आर्थिक सर्वेक्षण, बजेट र मध्यमकालीन खर्च संरचनाको विवरण तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।

३. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त पत्र अनुसार KOICA Program Concept Paper को मस्यौदा तयार गरिएको ।

४. निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयनका लागि कार्यन्वयन कार्ययोजनाको मस्यौदा तयार गरी छलफल भईरहेको ।

५. विकास साझेदार संस्था समेतको समन्वयमा Electoral Support Program को Project Document तयार सम्बन्धी कार्य भईरहेको ।

६. दैनिक आर्थिक कारोबार तथा मासिक प्रतिवेदनहरू तयार गरी सम्बन्धित निकायमा पेश गरिएको ।

७. वित्तीय सुधार तथा बेरुजु फछ्र्यौट कार्यान्वयन र अनुगमन कार्यक्रममा भएको व्यवस्था अनुसारको बेरुजु फछ्र्यौट कार्यलाई निरन्तरता दिई अन्तर्गतका निकायहरूमा बेरुजु फछ्र्यौट गर्ने गराउने सम्बन्धमा निरन्तर निर्देशन दिने कार्य जारी राखिएको ।

८. सम्वत् २०७७ साल पुस ५ गतेसम्ममा १८ वर्ष उमेर पुरा भएका मतदाताहरूको अन्तिम मतदाता नामावलीको आधारमा स्थानीय तहगतरूपमा फोटोसहितको र फोटो बिनाको मतदाता नामावलीको PDF File तयार गरिएको ।

९. आयोग तथा मातहतका कार्यालयमा इन्टरनेट र सूचना प्रविधि सम्बन्धी प्रणाली तथा उपकरणहरूको नियमित मर्मत सम्भार र संचालन सम्बन्धी कार्य गरिएको ।

१०. जिल्ला निर्वाचन कार्यालयहरुमा DCA, DVLA, IEIMS हरुमा देखिएका समस्याहरूसमाधान गर्न प्रविधिक सहयोग प्रदान गरिएको ।

११. सम्वत् २०७८ साल जेठ ६ गते सम्पन्न हुने राष्ट्रिय सभा सदस्य उपनिर्वाचनको प्रयोजनको लागि तयार गरिएको राष्ट्रिय सभा सदस्य निर्वाचन ऐन, २०७५ को दफा ६ बमोजिमको निर्वाचन कार्यक्रमको सूचना मिति २०७८/१/२० गतेको नेपाल राजपत्रमा प्रकाशन गरिएको।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

१२. सम्वत् २०७८ साल जेठ ६ गते हुने राष्ट्रिय सभा उपनिर्वाचनको प्रयोजनको लागि दर्ता भएका दलहरूको सूचना र सोही प्रयोजनका लागि तयार गरिएको निर्वाचन आचारसंहिता मिति २०७८/१/२७ मा नेपाल राजपत्रमा प्रकाशन गरिएको।

१३. राष्ट्रिय सभा सदस्य निर्वाचन निर्देशिका, २०७६ मा आयोगको मिति २०७८/१/१६ को निर्णयानुसार पहिलो संशोधन र मिति २०७८/०१/३० को निर्णयानुसार दोस्रो संशोधन गरिएको।

१४. रिट निवेदक रुक्सना कपाली र इसान रेग्मी समेत भएको रिट नं. ०७७-Wo -०६९५ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी मिति २०७८/०१/०९ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको ।

१५. लगातार तीन आर्थिक वर्ष सम्म लेखापरिक्षण प्रतिवेदन पेश नगर्ने दलहरूलाई स्पष्टीकरण सहितको सफाई पेश गर्ने समय दिई कानून बमोजिम कारवाही गर्ने भनी मिति २०७८/१/६ मा आयोगबाट निर्णय भएकोले सोही बमोजिमको सूचना राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गरिएको ।

१६. प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रदेश नं. २ मा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को तर्फबाट निर्वाचित सदस्य माननीय महम्मद समीरको रिक्त भएको पदमा उम्मेदवारको नाम मनोनयन गरी ७ (सात) दिनभित्र पठाउन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई ऐ. नियमावलीको उपनियम (२) बमोजिम जानकारी गराउने भनी भएको निर्णय बमोजिमको जानकारी सम्बन्धित दललाई गराइएको।

१७. आयोगमा दल दर्ता नं. १४९ मा दर्ता रहेको "राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल" नामक राजनीतिक दल संघीय संसदमा प्रतिनिधित्व गरेको दल नहुँदा सो दलमा रहेका पदाधिकारीले राष्ट्रिय प्रजान्त्र पार्टी नेपाल नामक राजनीतिक दल परित्याग गरी वसेको भेलाले गरेको निर्णय बमोजिम गठन गरेको प्रस्तावित "राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक)" नामक छुट्टै नयाँ राजनीतिक दल दर्ता गर्न नमिल्ने हुँदा सोको जानकारी निवेदकलाई दिने भनी भएको निर्णय बमोजिमको जानकारी सम्बन्धित दललाई दिइएको।

१८. आयोगको मिति २०७८/१/१६ को निर्णय अनुसार सम्वत् २०७८ साल जेठ ६ गते सम्पन्न हुने बागमती प्रदेशको राष्ट्रिय सभा सदस्य उपनिर्वाचनको प्रयोजनको दल दर्ता र चुनाव चिन्ह निर्धारण गरिएको।

१९. प्रस्तावित "तामसालिङ पार्टी नेपाल" नामक राजनीतिक दललाई राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ६ को उपदफा (२) बमोजिम दल दर्ताको लागि सुधार सहितको विवरण पन्ध्र दिन भित्र पेश गर्न निवेदकलाई सूचना दिने भनी भएको मिति २०७८।१।२० को निर्णय बमोजिमको सूचना सम्बन्धित दललाई दिईएको ।

२०. आयोगको मिति २०७८/१/२७ गतेको निर्णयानुसार नेपाल कम्युनिष्ट पार्टी (एमाले) को तर्फबाट २०७४ सालमा सम्पन्न प्रतिनिधि सभा सदस्य समानुपातिक निर्वाचन प्रणाली तर्फ बुझाईएको उम्मेदवारको अन्तिम बन्दसूचीबाट गंगाप्रसाद यादवको नाम हटाइएको।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

२१. दल त्याग गर्ने सदस्यलाई निष्काशन गर्नुअघि सम्बन्धित दलको केन्द्रीय समितिले त्यस्तो सदस्यलाई आफ्नो सफाई पेश गर्ने मनासिव मौका दिनुपर्ने कानूनी व्यवस्था भएकोमा निजहरूलाई केन्द्रीय समितिले सफाई पेश गर्ने मौका सहितको अवसर दिएको हो वा होइन? केन्द्रीय समितिले स्पष्टीकरण सोधेको भए सो स्पष्टीकरण सोध्ने गरी भएको केन्द्रीय समितिको उपस्थिति सहितको निर्णय, निज सदस्यहरुलाई स्पष्टीकरण सोधिएका पत्रहरूर निजहरुले पेश गरेको स्पष्टीकरण समेतका कागजातका छाँयाप्रतिहरू उपलब्ध गराउनका निमित्त नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) लाई पत्राचार गरिएको ।

प.सं. च.नं. Ref:

२२. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को स्थायी समितिको बैठकबाट मनोनयन गरी पठाइएका उम्मेदवार पशमीना कादरीलाई प्रदेश नं. २ को प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ मुस्लिम समावेशी समूहबाट प्रदेश सभा सदस्य पदमा निर्वाचित भएको घोषणा गर्ने, प्रदेश सभा सदस्यमा निर्वाचित सदस्य पशमीना कादरीलाई निर्वाचन आयोगका सचिवले प्रमाणपत्र दिने, निर्वाचित भएको उम्मेदवारको नाम प्रदेश प्रमुख समक्ष पठाउने र सो नामावली नेपाल राजपत्रमा प्रकाशन गर्ने भनी भएको निर्णय बमोजिम पत्राचार गरिएको ।

२३. प्रदेश नं. २ को प्रदेश सभा सदस्य समानुपातिक निर्वाचन प्रणालीतर्फ मुस्लिम समावेशी समूहबाट प्रदेश सभा सदस्य पदमा पशमीना कादरी निर्वाचित भएको जानकारी सम्बन्धित दललाई दिइएको ।

२४. राष्ट्रिय सभा सदस्य उप निर्वाचन, २०७८ सन्दर्भमा मतदाता तथा सरोकारवालाहरूको लागि जानकारीमूलक पुस्तिका तयार गरिएको ।

२५. सम्वत् २०७८ साल जेष्ठ ६ र १७ गते हुने राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७८ मा खटिएका निर्वाचन अधिकृत, जगेडा निर्वाचन अधिकृत तथा प्रदेश निर्वाचन अधिकृतहरूको लागि मिति २०७८ बैशाख १७ गते र ऐ.२९ गते निर्वाचन सञ्चालन तथा व्यवस्थापन तालिम र बैशाख २३ गते निर्वाचन अधिकृत, जगेडा निर्वाचन अधिकृत तथा प्रदेश निर्वाचन अधिकृतहरूको तथा निर्वाचन अधिकृतको कार्यालय तथा प्रदेश निर्वाचन कार्यालयका कम्प्यूटर अपरेटरहरूको लागि निर्वाचन सञ्चालन र प्रविधि बिषय एक दिनको जुम प्रविधि मार्फत तालिम कार्यक्रम सम्पन्न गरिएको ।

२६. निर्वाचन शिक्षा तथा मतदाता जागरण सञ्चालन सम्बन्धी अवधारणापत्रको मस्यौदा तयार गरिएको,

२७. निर्वाचन सम्बन्धी टेलीड्रामाको स्क्रिप्ट तयार गर्ने कार्य भईरहेको ।

२८. सूचना अधिकारी मार्फत दिईने सूचना निरन्तररूपमा प्रदान गरिएको ।

२९. पुस्तकालयबाट नियमित रूपमा सेवा प्रवाह भईरहेको ।

३०. प्रदेश सभा सदस्य, नगरपालिकाका प्रमुख, उपप्रमुख एवम् वडा अध्यक्ष तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष एवम् वडा अध्यक्षको रिक्त रहेको विवरण सबै ७७ जिल्लाको प्रदेश/जिल्ला निर्वाचन कार्यालयबाट प्राप्त गरी एकिकृत विवरण तयार गरिएको,


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

३१. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पत्राचार गरी निर्वाचन अधिकृतको लागि जिल्ला न्यायाधीशको नामावली माग गरी न्याय परिषदबाट प्राप्त नामावली र आयोगको निर्णयानुसार बागमति प्रदेशमा मिति २०७८/१/१६ गतेबाट लागु हुने गरी निर्वाचन अधिकृतको पदमा नियुक्त गरी मिति २०७८/१/१८ गते प्रदेश निर्वाचन कार्यालय, हेटौडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी कार्य सञ्चालन हुने व्यवस्था मिलाईएको र लुम्बिनी प्रदेशमा मिति २०७८/१/२८ गतेबाट लागु हुने गरी निर्वाचन अधिकृतको पदमा नियुक्त गरी मिति २०७८/१/३० गते प्रदेश निर्वाचन कार्यालय, दाङमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरी कार्य सञ्चालन हुने व्यवस्था मिलाईएको,

३२. बागमती प्रदेशका लागि मकवानपुर जिल्ला, हेटौडा उपमहानगरपालिका वडा नं. ४ स्थित श्री भुटनदेवी मा.वि. लाई मतदान स्थल तोकी उक्त मतदान स्थलमा प्रदेश सभा सदस्यका लागि केन्द्र (क) र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखका लागि केन्द्र (ख), तथा कोभिड १९ संक्रमित प्रदेश सभाका सदस्य र गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख र उपप्रमुखहरुले मतदान गर्नको लागि केन्द्र (ग) गरी तीनवटा मतदान केन्द्र तोकि प्रदेश निर्वाचन कार्यालय बागमतीमा पठाईएको,

३३. मिति २०७८/२/१७ गते हुने लुम्बिनी प्रदेशको उपनिर्वाचनको लागि दाङ जिल्ला, घोराही उपमहानगरपालिका वडा नं. १५ स्थित कर्मचारी मिलन केन्द्र, दाङलाई मतदान स्थल तोकी उक्त मतदान स्थलमा प्रदेश सभा सदस्यका लागि केन्द्र (क) र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष तथा नगरपालिकाका प्रमुख, उपप्रमुखको लागि केन्द्र (ख), तथा कोभिड १९ संक्रमित मतदाताको लागि केन्द्र (ग) मतदान केन्द्र तोकि प्रदेश निर्वाचन कार्यालय दाङमा पठाईएको,

३४. ७ प्रदेश निर्वाचन कार्यालय र ७० जिल्ला निर्वाचन कार्यालयबाट २८५९ जना महिला र ४२८३ जना पुरुष गरी जम्मा ७१४२ जना मतदाताको नाम मतदाता नामावलीमा दर्ता भएको र ५५२ जना मतदाताबाट विवरण अद्यावधिकको लागि निवेदन प्राप्त भएको,

३५. जिल्ला निर्वाचन कार्यालय, सल्यानलाई जिल्ला स्वास्थ्य कार्यालय, सल्यानको जग्गा तथा भवन कार्यालयको स्वामित्वमा ल्याउन हस्तान्तरण प्रकृया अगाडी बढाउन पत्र पठाईएको,

३६. नियमित प्रशासनिक काम कारवाही जस्तै : परिपत्र, काज, बिदा, सरूवा, रमाना, पदस्थापन, सरूवा सहमति, महाशाखा/शाखा तोक्ने, अधिकार प्रत्यायोजन, नियमित अनिवार्य अवकाश, सवारी अनुमति, आर्थिक अख्तियारी, स्तर वृद्धि, सेवा करार लगायतका विषयका काम कारवाही गरिएको ।

३७. निर्वाचन पर्यवेक्षण कार्यविधि २०७८ र निर्वाचन अनुगमन कार्यविधि २०७८ को मसौदा तयार गरिएको ।

३८. UNDP/ESP को प्रोजेक्ट डकुमेन्टको खाका तयार भइ सम्बन्धीत पक्षहरूसँग छलफल तथा अन्तरक्रिया भइ रहेको ।

३९. बागमती र लुम्बिनी प्रदेशबाट राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने अन्य समूहको रिक्त १/१ पदका लागि भएको राष्ट्रिय सभा सदस्य उपनिर्वाचन, २०७८ सम्पन्न गरी निर्वाचन परिणाम सहितको प्रतिवेदन आयोगको निर्णयानुसार


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेश गरिएको । साथै संघीय संसद सचिवालयमा निर्वाचित भएका सदस्यको मतभार सहितको निर्वाचन परिणाम पठाइएको ।



४०. पाँचथर, इलाम, ओखलढुंगा, सर्लाही, बारा, मनाङ, लमजुङ, मुस्ताङ र रूकुम (पूर्वी भाग) गरी नौ वटा जिल्ला निर्वाचन कार्यालयहरूबाट महिला- १० जना र पुरूष- १९ जना गरी जम्मा २९ जना मतदाताहरूको नाम मतदाता नामावलीमा दर्ता भएको र ७ वटा जिल्लाको २३ जना मतदाताबाट विवरण अद्यावधिकको लागि निवेदन प्राप्त भएको ।

४१. वि.सं. २०७८ कार्तिक २६ गते शुक्रवार पहिलो चरण र वि.सं. २०७८ मङ्सीर ३ गते शुक्रवार दोस्रो चरण गरी दुई चरणमा प्रतिनिधि सभाको निर्वाचन सम्पन्न गर्ने मिति तय भएको हुँदा आयोगको निर्णयानुसार सबै निर्वाचन कार्यालयहरूबाट निरन्तर भइरहेको मतदाता नामावली दर्ता तथा सङ्कलन सम्बन्धी कार्य मिति २०७८।०२।०९ गतेदेखि अर्को व्यवस्था नभएसम्मको लागि स्थगन गर्ने सम्बन्धमा सबै निर्वाचन कार्यालयलाई पत्राचार गरिएको ।

४२. जिल्ला मतदान स्थल तथा मतदान केन्द्र सिफारिस समितिबाट सिफारिस भई आएका मतदान स्थल सम्बन्धमा माननीय निर्वाचन आयुक्तज्यूको संयोजकत्वमा गठित मतदान स्थल तथा मतदान केन्द्र निर्धारण समन्वय समिति समक्ष विवरण तयार गरी पेश गरिएको र समितिको निर्णय अनुसार आयोगमा प्रस्ताव पेश गरिएको ।

४३. निर्वाचन सम्बन्धी जानकारी लिन चाहनेहरूका लागि निर्वाचन सञ्चालन तथा व्यवस्थापनसंग सम्बन्धित विभिन्न प्रश्न र उत्तरहरूको संगालो निर्वाचन प्रश्नोत्तर प्रकाशन भएको ।

४४. आयोगको डाटा सेन्टर को निर्माण गर्ने कार्य सुरू गरिएको ।

४५. आयोग परिसर भित्र एकीकृत जडान सम्बन्धि कार्य सुरू गरिएको ।

४६. जिल्लागत मतदाता नामावली को ECN फाइल र PDF फाइल लाइ सम्बन्धित जिल्लामा पठाउने कार्य सम्पन्न गरिएको ।

४७. आयोग र प्रदेश निर्वाचन कार्यालयमा डिस्प्ले प्रणाली जडानको लागि आवश्यक प्राविधिक स्पेसिफिकेसन र लागत अनुमान तयार गर्ने कार्य गरिएको ।

४८. मिति २०७८ जेठ ०८ गते सम्म प्रदेश/जिल्ला निर्वाचन कार्यालयहरूमा संकलित मतदाताको विवरणहरू आयोगमा सङ्कलन गर्ने कार्य गरिएको ।

४९. आयोगको मिति २०७८/२/१० को निर्णयानुसार आचारसंहिता उल्लघंनउपर उजुरीको छानविन तथा आचारसंहिता कार्यान्वयन अनुगमन गर्न छानविन समिति गठन भएको।

५०. आयोगको मिति २०७८/२/२६ को निर्णयानुसार निर्वाचन सञ्चालन तथा व्यवस्थापन ऐन, २०७८ र निर्वाचन आयोग ऐन, २०७८ को अवधारणापत्र सैद्धान्तिक स्वीकृतिको लागि मन्त्रिपरिषदमा पेश गर्ने प्रयोजनार्थ मिति २०७८/२/२७ मा गृह मन्त्रालयमा प्रस्ताव पठाइएको।

५१. निवेदक कुन्दन प्रसाद कुशवाहा समेत र विपक्षी यस आयोग समेत भएको २०७७ सालको रिट नं. ०७७- wo-११५३ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी मिति २०७८/२/३० मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

५२. निवेदक शेर वहादुर देउवा समेत र विपक्षी यस आयोग समेत भएको २०७७ सालको रिट नं. ०७७- WC-
प.सं. च.नं./Ref: ००७१को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी मिति २०७८/२/३१ मा महान्यायाधिवक्ताको कार्यालय मार्फत सम्मानित सर्वोच्च अदालतमा दर्ता गरिएको।

५३. नेपाल मातृभूमि पार्टी र मौलिक जरोकिलो पार्टीको एउटै निर्वाचन चिन्ह (वलिरहेको दियो) परेको हुँदा सो चिन्ह नेपाल मातृभूमि पार्टीलाई प्रदान गरी मौलिक जरोकिलो पार्टीलाई यस आयोगमा दर्ता कायम रहेका राजनीतिक दलका निर्वाचन चिन्हसंग मेल नखाने अन्य निर्वाचन चिन्ह प्रस्ताव गरी आयोगमा १५ (पन्ध्र) दिनभित्र निवेदन दिनको लागि पत्राचार गर्ने भनि आयोगको मिति २०७८/२/१६ गते निर्णय भएको।

५४. आयोगको मिति २०७८/२/१६ को निर्णयानुसार नेपाल जनलोकतन्त्र नामक राजनीतिक दल खारेज गर्ने निर्णय भएको।

५५. आयोगबाट मिति २०७८/२/२४ मा भएको निर्णयानुसार मुलवासी मुक्ति पार्टी र जनता पार्टीको निर्वाचन चिन्ह (घडी) एकै किसिमको भएको हुँदा मुलवासी मुक्ति पार्टीलाई सो चिन्ह प्रदान गरी जनता पार्टीलाई अन्य निर्वाचन चिन्ह प्रस्ताव गरी आयोगमा १५ (पन्ध्र) दिनभित्र निवेदन दिनको लागि पत्राचार गर्ने गरिएको।

५६. जनता समाजवादी पार्टीका तर्फबाट आयोगमा पेश भएको केन्द्रीय समितिका सदस्यहरूको विवरण हेरफेर गरीपाउँ भन्ने पत्रका सम्बन्धमा राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ साथै सोही नियमावलीको अनुसूची १८ बमोजिमको ढाँचामा विवरण उपलब्ध गराउने साथै केन्द्रीय समितिका सदस्यहरूको हस्ताक्षर सहितको निर्णय उपलब्ध गराई दिने भनी सो पार्टीका अध्यक्षद्वय, महन्थ ठाकुर र उपेन्द्र यादवलाई पत्राचार गरिएको।

५७. आयोगमा दर्ता कायम रहेको "नेपाल सद्भावना पार्टी" नामक राजनीतिक दलका केन्द्रीय समितिका सदस्यहरूको विवरण हेरफेरको लागि दर्ता भएको निवेदन बमोजिम राजनीतिक दल सम्बन्धी ऐन, २०७३ को दफा ५१ र राजनीतिक दल सम्बन्धी नियमावली, २०७४ को नियम २५ बमोजिम हेरफेर गर्ने तथा सोही ऐनको दफा ५१ को उपदफा (२) बमोजिम अभिलेखीकरण गरी सोको जानकारी सम्बन्धित दललाई दिने भनी आयोगबाट मिति २०७८/२/२४ मा भएको निर्णयानुसारको जानकारी "नेपाल सद्भावना पार्टी" लाई दिइएको।

५८. नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) नामक राजनीतिक दलको नाम परिवर्तन गरी एकीकृत कम्युनिष्ट पार्टी, नेपाल रहने भनी आयोगबाट मिति २०७८/२/२४ मा निर्णय भएको।

५९. आयोगको मिति २०७८/२/३० को निर्णयानुसार नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) नामक नयाँ राजनीतिक दल दर्ता भएको।

६०. जनता समाजवादी पार्टीका अध्यक्षद्धय उपेन्द्र यादव र महन्थ ठाकुरका तर्फबाट केन्द्रीय समितका सदस्यको विवरण अध्यावधिक गरिदिनका लागि आयोगमा प्राप्त पत्रका सम्बन्धमा माग भई आएबमोजिम अध्यावधिक हुन नसक्ने र साविककै विवरण कायम हुने भनी आयोगबाट मिति २०७८/२/३० मा निर्णय भएको।

६१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त निर्देशन अनुसार KOICA Program Concept Paper को तयार गरी सम्बन्धीत निकायमा प्रेषित गरिएको ।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्यक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

प.सं. च.नं./Ref:

६२. म.ले.प. बेरुजुतर्फ आ.व. ०७६-७७ सम्मको बाँकी बेरुजु रु.२४९११७ हजार मध्ये २०७८ असार मसान्तसम्ममा रू. ११६८५४ हजार सम्परीक्षणको लागि अनुरोध भइ गएकोमा रू. ११६४०१ हजार सम्परीक्षण भई ४६.७३ प्रतिशत प्रगति भएको ।

६३. निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीतिको कार्यान्वयन लगायत निर्वाचन सञ्चालन तथा व्यवस्थापन सम्वन्धमा संवैधानिक निकायमा पदाधिकारी महिला राजनितीक दलका लैङ्गिक तथा समावेशी विभाग हेर्ने प्रतिनिधिहरु र क्रियाशील महिला पत्रकार (wwj) सँग अन्तरक्रिया कार्यक्रम कार्यक्रम सञ्चालन गरिएको ।

६४. UNDP/ESP III को प्रोजेक्ट डकुमेन्टको खाका तयार भइ सम्बन्धीत पक्षहरूसँग छलफल तथा अन्तरक्रिया भइ रहेको ।

६५. आयोगबाट स्वीकृत भएको मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७८ सबै निर्वाचन कार्यालयमा पठाईएको,

६६. मतदान स्थलहरु समावेश भएको नक्सा तयार गर्नको लागि नेपालको प्रशासनिक विभाजन अनुरुपको वडा तहसम्म खुल्ने नक्साको डिजिटल डाटा उपलव्ध गराई दिने सम्बन्धमा श्री भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा पत्राचार गरिएको र प्राप्त भएको ।

६७. साविकमा भौगोलिक सूचना प्रणाली सम्बन्धी विवरण नभएका मतदान स्थल र नयाँ थप भएका मतदान स्थलको भौगोलिक सूचना प्रणाली अनुरुपको मतदान स्थलहरुको निर्देशाङ्क (coordinates) सम्भव भएसम्म सम्बन्धित मतदान स्थलमै पुगी जि.पि.एस. मेसिनको सहायताले र मतदान स्थलमा पुग्न सम्भव नभएमा गुगल म्यापको सहायतामा निर्देशाङ्क (coordinates) लिई पठाउन सबै निर्वाचन कार्यालयहरुलाई पत्राचार गरिएकोमा विवरण प्राप्त भैरहेको ।

६८. विभिन्न १६ जिल्लामा सन्चालन गरिने सामाजिक अध्ययन विषय शिक्षकका लागि गुण नियन्त्रक मुख्य प्रशिक्षक प्रशिक्षण र प्रादेशिक प्रशिक्षक प्रशिक्षण सम्पन्न भएको ।

६९. आयोगको पाठ्यक्रममा निर्वाचन सम्बन्धी विषय समावेश गर्ने सम्बन्धमा गण्डकी, कर्णाली र सुदुरपश्चम प्रदेश लेकसेवा आयोगमा पत्राचार गरिएको ।

७०. आयोगको डाटा सेन्टर को निर्माण गर्ने कार्य सुरू गरिएको ।

७१. जिल्लागत मतदाता नामावली को ECN फाइल र PDF फाइल लाइ सम्बन्धित जिल्लामा पुर्‍याउने कार्य सम्पन्न गरिएको ।

७२. निर्वाचन आयोगका पदाधिकारीको आचारसंहिता, २०७८ प्रकाशनका लागि मुद्रण विभागमा पठाइएकोमा मिति २०७८/३/७ को नेपाल राजपत्रमा प्रकाशन भएको।

७३. नेपाल कम्युनिष्ट पार्टी (एकीकृत) र नेपाल कम्युनिष्ट पार्टी (लोकतान्त्रिक) नामक राजनीतिक दल दर्ताको सूचना नेपाल राजपत्रमा प्रकाशन भएको।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३ । फ्याक्सः (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

७४. रिट निवेदक कृष्ण थापा र विपक्षी यस आयोग समेत भएको २०७७ सालको रिट नं. ०७७- WO ११५३ को उत्प्रेषणयुक्त परमादेश मुद्दाको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/३/४ मा दर्ता गरिएको।

प.सं. च.नं./Ref:

७५. प्रतिनिधि सभा विघटन सम्बन्धमा दर्ता भएका रिट नं. ०७७-Wc- ००६३, ०७७-Wc- ००६८, ०७७-Wc- ००६३ ,०७७-Wc- ००७०, ०७७-Wc- ००७३, ०७७-Wc- ००७७, ७७-Wc- ००७८, ०७७-Wc- ००७९ र ०७७-Wc- ००८६ को उत्प्रेषणयुक्त परमादेश मुद्दाको लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/३/४ मा दर्ता गरिएको।

७६. रिट निवेदक माधव कुमार नेपाल समेत विपक्षी यस आयोग समेत भएको २०७७ सालको रिट नं. ०७७-WC००७१ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी मिति मा महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/२/३१ दर्ता गरिएको।

७७. रिट निवेदक कृष्ण थापा र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-WO११९६ को उत्प्रेषणयुक्त परमादेश मुद्दाको लिखित जवाफ तयार गरी मा महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/३/७ दर्ता गरिएको।

७८. रिट निवेदक भोजराज न्यौपाने र विपक्षी यस आयोग समेत भएको रिट नं. ०७७-WO१२०८ को उत्प्रेषणयुक्त परमादेश मुद्दामा लिखित जवाफ तयार गरी महान्यायाधिवक्ताको कार्यालयमार्फत सम्मानित सर्वोच्च अदालतमा मिति २०७८/३/२९ मा दर्ता गरिएको।

७९. आयोगको मिति २०७८/३/२ को निर्णयानुसार सम्वत् २०७४ सालको स्थानीय तहको निर्वाचनमा राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट निर्वाचित नुवाकोट जिल्ला लिखु गाउँपालिका वडा नं. ४ का वडा सदस्यको पद रिक्त भएको सूचना मिति २०७८/३/३ गतेको राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गरिएको।

८०. आयोगको मिति २०७८/३/६ को निर्णय अनुसार नेपाल कम्युनिष्ट पार्टी (लोकतान्त्रिक) नामक नयाँ राजनीतिक दल दर्ता भएको।

८१. राजनीतिक दलको वार्षिक आयव्ययको लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा मिति २०७८/१/७ गतेको राष्ट्रिय गोरखापत्रमा प्रकाशित सूचना बमोजिम सफाई सहितको स्पष्टीकरण पेश गर्ने दललाई सचेत गराउने तथा सफाई सहितको स्पष्टिकरण पेश नगर्ने राजनीतिक दललाई कानून वमोजिम कारवाही गर्ने भनी आयोगबाट मिति २०७८/३/२ मा निर्णय भई सोको सूचना मिति २०७८/३/४ को गोरखापत्र दैनिकमा प्रकाशन गरिएको।


कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np

८२. आयोगको मिति २०७८/३/९ को निर्णयानुसार सम्वत् २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का तर्फबाट निर्वाचित रिना कुमारी शाह समेत १४ जना जनप्रतिनिधिको पद रिक्त भएको सूचना मिति २०७८/३/११ गतेको राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशन गरिएको।

८३. जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवबाट आयोगमा पेश भएको निवेदन दावी उपर सहमतिको लागि दुवै पक्षलाई उपस्थित गराउने भनी आयोगबाट मिति २०७८/३/१४ मा भएको निर्णय बमोजिम दुवै पक्षलाई सूचना पठाइएको।

८४. आयोगको मिति २०७८/३/१८ को निर्णय अनुसार मौलिक जरोकिलो पार्टी नामक राजनीतिक दलले आयोगमा पेश गरेको निवेदन बमोजिम अद्यावधिक गरिएको।

८५. माओवादी जनमुक्ति पार्टी, नेपाल नामक राजनीतिक दललाई कुचो चुनाव चिन्ह प्रदान गर्ने भनी आयोगबाट मिति २०७८/३/१८ मा निर्णय भएको।

८६. आयोगको मिति २०७८/३/१८ को निर्णय अनुसार त्रिमुल नेपाल नामक राजनीतिक दलबाट माग भएबमोजिमको विवरण अद्यावधिक गरिएको।

८७. आयोगको मिति २०७८/३/२४ को निर्णय अनुसार नेपालका लागि नेपाली नामक राजनीतिक दलबाट माग भए बमोजिमको विवरण अद्यावधिक गरिएको।

८८. जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले दिएको निवेदन उपर लिखितजवाफ पेश भएपछि विवादका दुवै पक्ष बीच सहमति गराउने प्रयोजनार्थ मिति २०७८/३/२२ मा आयोग र विवादित पक्षबीच बैठक बसेको ।

८९. जनता समाजवादी पार्टी नेपालको दलको आधिकारिकता सम्बन्धी विवाद निरूपणको लागि आयोगबाट मिति २०७८।३।२३ मा इजलास गठन गरी सम्बन्धित पक्षलाई सूचना दिने भनी भएको निर्णय बमोजिमको सूचना सम्बन्धित पक्षलाई दिइएको।

९०. नेपाल सद्भावना पार्टी नामक राजनीतिक दललाई पञ्जाछाप चुनाव चिन्ह प्रदान गर्ने भनी आयोगबाट मिति २०७८/३/२७ मा निर्णय भएको।

९१. जिल्ला निर्वाचन कार्यालय सिन्धुलीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा वन तथा वातावरण मन्त्रालयमा पत्राचार गरिएको ।


कान्तिपथ, काठमाडौँ, नेपाल, फोन नं.: (९७७-१) ४२२८६६३। फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-mail: info@election.gov.np, Website: www.election.gov.np